# ८. निष्कर्ष र सुझाव

## निष्कर्ष

यसभन्दा अगाडिका पाँच अध्यायमा बेग्लाबेग्लै अनुसन्धानका बारेमा चर्चा गरियो। ती हरेक अनुसन्धानका निष्कर्षहरु सम्बन्धित अध्यायमा नै आइसकेका छन्। तिनलाई यहाँ अक्षरशः दोहोऱ्याउनु आवश्यक छैन तापनि पत्रपत्रिका सम्बन्धी संस्थाहरुको सर्वेक्षण तथा पत्रपत्रिका र रेडियोमा दलित र जनजाति सवालबारे गरिएको हाम्रो अनुसन्धानले मोटामोटी हिसाबमा यी तथ्यहरु देखाएको छः

(क) प्रकाशन संस्थामा गरिएको सर्वेक्षणले सम्पादक समूह, स्तम्भकार समूह र प्रकाशकीय समूह सबैमा दलित र जनजातिको सहभागिता न्यून देखाएको छ। पत्रकारहरुका संघ-संस्थाहरुमा र पत्रकार उत्पादन गर्ने संस्थाहरुमा पनि दलित र जनजातिको संख्या अत्यन्तै न्यून देखिन्छ।

(ख) पत्रपत्रिकामा दलित र जनजातिका सवालहरुको रिपोर्टिङ, वैचारिक लेख र खोजमूलक लेख निश्चित रुपमा पंचायत कालको भन्दा बढी नै आउने गरेका छन्। तर जुन गतिमा दलित र जनजातिको जातीय उत्थानको आन्दोलन अगाडि बढिरहेको छ त्यो गतिमा र त्यो स्तरमा पत्रपत्रिकाले यस बारेमा समाचार र लेखलाई समेटेका भने छैनन्। लोपोन्मुख जाति, भाषा, कला, संस्कृति आदिका बारेमा जानकारी दिने समाचारहरुदेखि लिएर जनजातिका संघसंस्थाका गतिविधि र क्रियाकलापहरुको लेखाजोखा गरिएका लेखहरुले जातीय अस्तित्व र समानताको हक-अधिकारसम्बन्धी उनीहरुको आन्दोलनलाई सहयोग पुऱ्याएका छन्। त्यस्तै दलितका विषयमा पनि उनीहरुमाथिको जातीय दमन र उत्पीडनका समाचार र त्यसका विरुद्धमा उठेका आवाज र भएका गतिविधिलाई सार्वजनिक गरी प्रचार-प्रसार गर्नमा पत्रपत्रिकाले सहयोग पुऱ्याएका छन्। तर यतिमा सन्तोष मान्न सकिने अवस्था भने छैन। दलित र जनजातिका समाचारले छापामा प्राथमिकता पाएका छैनन्। उनीहरुका समाचार प्रायशः भित्री पेजमा खुम्चिएर रहेको पाइन्छ भने वैचारिक लेखहरु निकै कम आएका छन्। सम्पादकीयमा यिनीहरुको मुद्दा बिरलै अटाउने गरेको छ। खोजमूलक लेख निकै कम छन् र विषयको गाम्भीर्यताको बोध गराउनेतर्फ भन्दा फुर्सदमा मनोरञ्जन गराउने ढंगले प्रस्तुत गरिएका छन्। यी सबै परिदृश्यले दलित र जनजातिको सवाललाई प्रकाशन संस्थाले गम्भीरतापूर्वक नलिएको देखाउँछ।

(ग) रेडियोमा पनि पत्रपत्रिकामा जस्तै दलित र जनजातिको सवाल पञ्चायत कालको दाँजोमा त बढी नै उठ्ने गरेको छ तर सन्तोष मान्न सकिने स्थिति छैन। दलित र जनजातिको सवालले रेडियोमा प्राथमिकता पाएको छैन। रेडियो नेपाल र एफएम स्टेसनमा जनजातिको न्यून सहभागिता छ। दलितको सहभागिता संख्या त झन् शून्यकै हाराहारीमा आउँछ। एकातिर रेडियो कार्यक्रम नीतिनिर्माण गर्ने तहमा दलित र जनजातिका मानिसहरु पुग्न सकेका छैनन् भने अर्कातिर रेडियो प्रसारणमा दलित र जनजातिको कार्यक्रम उत्पादन गर्ने दक्ष जनशक्तिको अभाव रहेको छ। अहिले सञ्चालन भइरहेका कार्यक्रमको विषयवस्तु चयन र प्रस्तुतीकरणमा प्रभावकारिता भेटिँदैन। विषयगत पहुँच भएका केही व्यक्तिहरुलाई रेडियो नेपाल लगायतका अन्य एफएम स्टेसनहरुले प्रयोग गर्न सकिरहेका छैनन्। अर्कोतर्फ दलित र जनजातिलाई उपेक्षा गरिएका गीत र कार्यक्रमहरु अझै प्रसारित हुँदै छन्।

यसर्थ बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक नेपाली समाजको विशेषतालाई स्वीकार्दै यस समाजको प्रतिबिम्ब समस्त मिडिया जगत्मा उतार्नका लागि यी दुई कुराहरु आवश्यक देखिन्छन्:

१. रेडियो, टेलिभिजन र पत्रपत्रिकामा दलित र जनजातिको प्रतिनिधित्व प्रतिशतलाई उनीहरुको जनसंख्याको प्रतिशतको हाराहारीमा पुऱ्याउने कोशिस गर्नुपर्छ।
२. पत्रपत्रिका तथा विद्युतीय तरङ्गका माध्यमहरु (रेडियो र टेलिभिजन) मा दलित र जनजातिका विषयमा हुने रिपोर्टिङ, खोजमूलक लेखरकार्यक्रम र वैचारिक लेखरकार्यक्रमहरुका दुर्बल पक्षलाई हटाउँदै सबल पक्षलाई उकास्दै लैजानु पर्छ।

तर माथिको निष्कर्षले के स्पष्ट पार्छ भने आजको नेपाली मिडियामा दलित र जनजातिको सवाल गौण हुन पुगेकोले अब पनि यस विषयमा ठोस कदम नचालिएमा आगामी वर्षहरुमा उनीहरुको सहभागिता वृद्धि हुने तथा उनीहरु सम्बन्धी समाचार र लेखरकार्यक्रमले उचित स्थान पाउने कुनै गुञ्जायस देखिँदैन। यसका लागि चालिनु पर्ने ठोस कदमका बारेमा अनुसन्धानका ङ्ममा सम्बन्धित विज्ञहरुबाट केही सुझावहरु हामीले प्राप्त गरेका छौं भने बाँकी सुझावहरु अनुसन्धान टोलीका सदस्यहरुले आ-आफ्नो विषयमा गरेका विश्लेषण र सामूहिक छलफलका आधारमा तयार गरिएका हुन्।

नेपालजस्तै बहुलवादी समाज भएका अन्य दक्षिण एशियाली मुलुकहरुका मूलधारका संचार माध्यमले पछि परेका जाति र समूहलाई संलग्न गराउने क्रियाकलाप गरेका हुन सक्ने ठानेर अनुसन्धान गरिएको थियो। पाकिस्तान र बंगलादेशबाट प्रकाशित संचारसम्बन्धी सामग्रीहरुमा संचार माध्यममा महिलाहरुबारे चर्चा भएको पाइयो तर जातीय प्रश्नबारे खासै चर्चा भएको पाइएन। भारत र श्रीलंकामा अल्पसंख्यक जाति र संचारबारे चर्चा-परिचर्चा गरिएको छ। तर योजनागत हिसाबमा 'वकालत' गर्ने कार्यक्रमहरु वा संचार माध्यममा उनीहरुको संख्या बृद्धि गर्नेबारे प्रभावकारी रुपमा संस्थागत प्रयासहरु भएको पाइएन। संचार माध्यममा उठाइएका (खासगरी महिलासम्बन्धी) सवालहरुको अनुसन्धान गर्ने भारतीय सस्थाहरुले पनि 'वकालत' भन्दा आवश्यकता परेका अन्य संस्थाहरुका लागि

परामर्श गर्ने गरेको पाइयो। भारतीय मूलधारका संचार माध्यममा दलितहरुको संलग्नताबारे करिब पाँच वर्ष अघिदेखि छलफल चल्दै आएको छ। मूलधारका संचार माध्यममा दलितहरुको संलग्नता बढाउन भारतीय प्रेस काउन्सिलमा केही दलित कार्यकर्ताहरुले झन्डै चार वर्ष अघि बुझाएको ज्ञापन पत्रबारे उक्त संस्थाले कुनै औपचारिक कदम चालेको छैन। अङ्ग्रेजी भाषाका पत्रिकाहरुमा *पायोनियर* नामक दैनिकले 'दलित डायरी' शीर्षकको स्तम्भअन्तर्गत झन्डै दुई वर्ष अघिदेखि दलित टिप्पणीकार चन्द्र भान प्रसादका लेखहरुलाई ठाउँ दिएको छ। 'दलित डायरी' पनि अहिलेसम्म भारतीय मूलधारका पत्रिकाहरुमा नियमित दलित लेखनको एक अपवाद मात्र हुन सकेको छ।

कार्यान्वयनमा आइसकेका ठोस कार्यक्रमहरुका लागि हामीले बरु अमेरिकातर्फ हेर्न पुग्यौं। सन् १९७८ मा पत्रपत्रिकाका सम्पादकहरुको अमेरिकी समाज (American Society of Newspaper Editors, ASNE) ले अमेरिकी मिडिया संस्थाहरुको बहुजातीय संरचना सन् २००० सम्ममा अमेरिकी जनसंख्याको प्रतिशतसरह पुऱ्याउने अठोट गरेको थियो। त्यो लक्ष्य हासिल गर्न नसके पनि अमेरिकी मिडियामा अल्पसंख्यक जातिको प्रतिनिधित्व बढाउन उक्त संस्थाले हौस्याएका कार्यक्रमहरु केही हदसम्म सफल भएका छन्। सन् १९७८ मा प्रकाशन संस्थाहरुमा अल्पसंख्यक जातिहरुको प्रतिनिधित्व करीब ४५ मात्र थियो भने सन् २००० मा यो बढेर करीब १२५ पुगेको छ जुन अमेरिकी जनसङ्ख्यामा रहेको अल्पसंख्यक जातिहरुको हालको २६५ उपस्थितिभन्दा अझै कम छ। हालै उक्त समाजले आफ्ना कार्यक्रमहरुको पुनर्मूल्याङ्कन गरी सन् २०२५ सम्ममा अमेरिकी मिडियामा अल्पसंख्यक समुदायको प्रतिनिधित्व उनीहरुको जनसंख्याको प्रतिशतको हाराहारीमा पुऱ्याउने अठोट गरेको छ। सो लक्ष्य प्राप्त गर्न उक्त समाजले अपनाएका विभिन्न कार्यक्रमहरुमध्ये नेपाली परिवेशमा उपयुक्त हुन सक्नेलाई हामीले तलको सुझाव खण्डमा सामेल गरेका छौं।

## सुझाव

सम्पूर्ण सुझावहरुलाई हामीले वर्गीकरण गरेर तिनलाई लागू गर्न सक्ने सबभन्दा उपयुक्त संस्थाअन्तर्गत राखेका छौं। तर अरु संस्थाले उक्त काम लागू गर्नै नसक्ने भन्ने हाम्रो आशय होइन। लागू गर्न सक्ने संस्थाहरु र सम्बन्धित सुझावहरुको विवरण यसप्रकार छ :

१. सरकारी निकाय

(क) सर्वप्रथम संचार क्षेत्रमा दलित र जनजातिको न्यून सहभागिता र उनीहरुसँग सम्बन्धित सवालको अत्यन्तै न्यून वर्चस्व रहेको तथ्यलाई सरकारी नीति-निर्मातातर्फबाट समस्याका रुपमा हेरिनु पर्दछ। त्यसपछि दलित र जनजातिको प्रतिनिधित्व बढाउने खालका नीति-नियम बनाइनु पर्छ। यसका लागि आरक्षण या अन्य कुनै विशेष व्यवस्थाको आवश्यकता पर्छ भने त्यतापट्टि ध्यान दिइनु जरुरी छ।

(ख) श्री ५ को सरकारको स्वामित्वमा रहेका संचार माध्यमहरुबाट प्रकाशन र प्रसारण गरिने लेख, समाचार र कार्यक्रममा दलित तथा जनजातिका समाचारहरु समानुपातिक ढंगबाट

निरन्तर प्रकाशन र प्रसारण गरिने नीतिनिर्माण गरी कार्यान्वयन गरिनु पर्दछ।

(ग) *राष्ट्रिय जनजाति विकास समिति* र *दलित वर्ग विकास समिति*ले मिडिया क्षेत्रलाई पनि आफ्नो प्राथमिकतामा समेट्न आवश्यक छ। यी संस्थाले मिडिया क्षेत्रमा भएको दलित र जनजातिको सहभागिताको असन्तुलनका साथसाथै उनीहरुका बारेमा उठेका सवालको सजीव चित्र समग्र मिडियामा उतार्नका लागि सरकारी र निजी क्षेत्रका संचार माध्यमहरुमा लेखरकार्यक्रमहरु तयार गर्न सघाउन सक्छ। गैर दलित/जनजाति पत्रकारहरुलाई समेत समेटेर पत्रकारिता वा रेडियोमा दलित र जनजाति सवालसम्बन्धी रिपोर्टिङ गर्न विशेष फेलोसिपहरुको व्यवस्था गर्नुपर्छ।

(घ) दलित तथा जनजातिका पत्र-पत्रिकाहरुको स्थायित्व र स्तरीयताका लागि आफ्नै छापाखाना स्थापना गर्न उद्योग विभाग, कर विभाग आदिबाट सुविधा प्रदान गर्ने नीतिनिर्माण गरिनुपर्छ।

(ङ) जातीय विविधता समेटिएका छापाहरुलाई बढी सहुलियत दिने किसिमको नीति पनि समावेश गरिनुपर्छ। उदाहरणका लागि यस्ता प्रकाशनलाई सरकारी विज्ञापनमा प्राथमिकता दिइनुपर्छ।

(च) मिडिया क्षेत्रमा आइसकेका दलित र जनजातिहरुलाई उचित सहुलियत र सुविधा दिइनु पर्छ जसले गर्दा उनीहरु यसलाई छोडेर हतपती अर्को विकल्प नखोजून्।

(छ) नेपाल प्रेस काउन्सिलका सदस्यहरुको मनोनयन गर्दा दलित र जनजातिको प्रतिनिधित्वलाई बेवास्ता गरिएको देखिन्छ। आइन्दा सदस्यहरुको मनोनयन गर्दा दलित र जनजाति समुदायका व्यक्तिहरुलाई समावेश गरिनु जरुरी छ।

(ज) दलित र जनजातिको आफ्नै अग्रसरतामा सञ्चालन गरिएका वैकल्पिक छापा तथा राष्ट्रिय भाषाहरुमा प्रकाशित छापाहरुलाई प्रेस काउन्सिलले सहुलियतको मापदण्डमा समेट्नु पर्दछ। जसले गर्दा यी छापाहरुले सहुलियत दरमा न्यूज प्रिन्ट प्राप्त गर्नुका साथै अन्य सुविधा उपभोग गरी स्थायित्वतिर उन्मुख हुनेछन्।

(झ) प्रेस काउन्सिलबाट गरिने पत्रपत्रिकाको वितरण सम्परीक्षणको मापदण्डमा दलित र जनजातिसम्बन्धी लेख एवं रिपोर्टिङलाई पनि समावेश गरी स्तरीयता र समेटिएको स्थानको आधारमा वर्गीकरण गर्नुपर्छ। यसो हुनसकेमा दलित र जनजातिको सवाललाई प्राथमिकता दिन सम्पादक र प्रकाशकहरु उत्प्रेरित हुन सक्छन्।

(ञ) दलित र जनजातिमाथि विद्यमान ऐन-कानून विपरीत भेदभाव गरिएको घटनालाई रिपोर्टिङ गरी समाचारका रुपमा प्रकाशित हुँदा पनि सम्बन्धित सरकारी निकायले तत्काल ध्यान नदिँदा रिपोर्टर पनि निरुत्साहित हुने भएकाले सम्बन्धित सरकारी निकायले तदारुकताका साथ कारवाही चलाउनेतर्फ पहलकदमी गर्नुपर्छ।

२. शैक्षिक निकाय

(क) स्कूलरकलेजका दलित र जनजाति विद्यार्थीलाई पत्रकारिता पेसामा लाग्नका लागि अभिप्रेरित गरिनु पर्छ।

(ख) दलित र जनजातिका सफल र नाम चलेका पत्रकारहरुलाई स्कूलरकलेजमा बोलाई यस पेसाका विषयमा अन्तरक्रिया गराइनु पर्छ। यसो गर्नाले पत्रकारितातर्फ दलित र जनजातिका विद्यार्थीको रुचि जाग्न सक्छ।

(ग) आफ्नो भविष्यको पेसाका रुपमा पत्रकारितालाई रोज्ने दलित र जनजाति समुदायको विद्यार्थीलाई छात्रवृत्ति दिइनुपर्छ।

(घ) दलित तथा जनजातिसम्बन्धी अखबारमा प्रकाशित सामग्री र रेडियो तथा टि.भी.का कार्यक्रमहरुलाई विद्यालयहरुले पाठ्यसामग्रीका रुपमा प्रयोग गर्नुपर्दछ। यसो गर्दा सबै विद्यार्थीहरुले दलित र जनजातिहरुको सवालबारे बढी जानकारी हासिल गर्ने मौका पाउँछन्।

३. पत्रकारिता प्रशिक्षण संस्था

(क) त्रिभुवन विश्वविद्यालयअर्न्तगत रत्न राज्यलक्ष्मी क्याम्पसमा पत्रकारिता तथा आमसंचार विषयको प्रवीणता प्रमाणपत्र तह र स्नातक तहको पढाइ हुने गरेको छ। यो पढाइलाई राजधानीमा नै सीमित नबनाई अधिराज्यका अन्य प्रमुख शहरका विभिन्न क्याम्पसले पनि सञ्चालन गर्नुपर्ने देखिन्छ। यसले गर्दा दलित र जनजातिका प्रशिक्षार्थीलाई यसका लागि काठमाडौं धाउनुपर्ने वाध्यता रहँदैन।

(ख) अन्य विश्वविद्यालयले पनि पत्रकारिता विषयमा पढाइ सञ्चालन गर्नुपर्छ।

(ग) पत्रकारिताको तालिम दिने संस्थाहरु जस्तै नेपाल प्रेस इन्स्टिच्युट, मिडिया प्वाइन्ट आदिले काठमाडौं बाहेक अधिराज्यका अन्य प्रमुख शहरहरुमा पनि आफ्नो शाखा विस्तार गर्नुपर्दछ। नेपाल प्रेस इन्स्टिच्युटको विराटनगर र नेपालगन्जमा शाखा कार्यालय छ। यस्ता शाखाहरु अन्य शहरमा पनि भएदेखि दलित र जनजातिका इच्छुक व्यक्तिलाई पत्रकारिताका तालिम र अन्य सुविधाका लागि काठमाडौंमै आउनु जरुरी पर्दैन।

(घ) काठमाडौंमा नेपाल प्रेस इन्स्टिच्युट र मिडिया प्वाइन्टले दिने १० महिने तालिम लामो भएकाले बाहिरबाट आउनेलाई खाने-बस्ने समस्या पर्छ। तसर्थ हाल काम गरिरहेका पत्रकारहरुलाई दुई तीन हप्ते वा एक महिने तालिम पनि दिने व्यवस्था गर्नुपर्छ। यसो भएमा पत्रकारिता क्षेत्रमा आइसकेका काठमाडौं बाहिरका दलित र जनजातिका व्यक्तिहरुले छोटो समयमा थप दक्षता हासिल गर्न सक्छन्।

(ङ) प्रशिक्षण संस्थाहरुमा दलित र जनजातिका प्रशिक्षार्थीलाई छात्रवृत्तिको व्यवस्था हुनु अति आवश्यक छ। यस्तो छात्रवृत्तिमा दलित र जनजाति समुदायका महिलालाई पनि विशेष व्यवस्था गरिएको हुनुपर्छ।

(च) यी सबै प्रशिक्षण संस्थाका पाठ्यक्रममा दलित र जनजातिको सवाललाई संलग्न गरिनुपर्छ। दलित र जनजातिका सवाललाई संचार माध्यमले किन समेट्न आवश्यक छ र सो कसरी अधिक मात्रामा गर्न सकिन्छ भन्ने विषय प्रशिक्षणमा समावेश गरिएमा गैर दलित/जनजाति संचारकर्मीहरुले समाचार सम्प्रेषणमा पर्याप्त सहयोग पुऱ्याउन सक्छन्। यसका लागि हाम्रो अनुसन्धानका क्रममा नै तयार गरिएका पाठ्यक्रमका प्रारुपहरु (अनुसूची

घ र ङ) र दुई रिडरहरु *छापामा दलित* र *छापामा जनजाति* पाठ्यसामग्रीको रुपमा प्रयोग हुन सक्छन्।

(छ) प्रशिक्षण पूरा गरेका दलित र जनजाति प्रशिक्षार्थीलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनुपर्छ। यसको व्यवस्था प्रशिक्षण दिने संस्थाले आफ्नो तर्फबाट अथवा बा्ह्य संस्था वा व्यक्तिसँग मिलेर गर्न सक्छ। त्यस्तै प्रकाशन गृहसँग समन्वय राखी प्रशिक्षण पूरा गरेका दलित र जनजाति प्रशिक्षार्थीको रोजगारीको प्रक्रिया अघि बढाइदिनु पर्छ।

(ज) हाल संचालित प्रशिक्षण संस्थामा दलित र जनजातिको प्रशिक्षकको संख्या नगण्य छ। त्यसैले यी संस्थाहरुमा दलित र जनजातिका प्रशिक्षकहरु बढाउनेतर्फ ध्यान दिनु जरुरी छ।

(झ) अहिले दलित र जनजातिका सवालमा लेख्ने पत्रकारलाई समेत उसका सहकर्मी एवं सम्पादकहरुद्वारा उपेक्षा गरिने प्रवृत्ति छ। त्यस्तै यी विषयमा लेखिएका समाचार र खोजमूलक लेखलाई 'अखबारका पाना भर्ने अक्षरहरु मात्र' को रुपमा हेरिने दरिद्र मानसिकता पनि छ। यी सबैका विरुद्धमा ती वर्गलाई पनि प्रशिक्षित गर्नुपर्दछ।

४. नेपाल पत्रकार महासंघ

(क) समाजको जातीय विविधताको प्रतिछाया पत्रकारिता क्षेत्रमा हुनुपर्छ भन्ने महसुस गर्दै अहिलेको परिप्रेक्ष्यमा त्यो हुन नसकेकोले यसलाई समस्याका रुपमा नेपाल पत्रकार महासंघले स्वीकार्नु पर्छ। संचार माध्यममा सबै समुदायको समानुपातिक सहभागिता किन आवश्यक छ र कस्तो नियुक्ति प्रक्रियाबाट यसलाई प्राप्त गर्न सकिन्छ भन्ने विषयमा छलफल र बहसको सुरुवात गरिनुपर्छ। पत्रकारहरुको एक मात्र साझा र बृहत संगठन भएकाले आफू मातहतका सबै शाखा र प्रशाखाहरुलाई यससम्बन्धी निर्देशन दिई दलित र जनजातिका पक्षमा सकारात्मक कदम चाल्नुपर्छ।

(ख) वार्षिक रुपमा पत्रकारहरुको जाति, धर्म, लिङ्ग, क्षेत्र आदिका आधारमा तथ्याङ्क विवरण तयार गरी प्रकाशित गर्नुपर्छ। बार्षिक र साथसाथै पाँच, दश वर्षमा ल्याउन खोजेको परिवर्तनलाई स्पष्ट रुपमा किटान गर्नुपर्छ।

(ग) महासंघको केन्द्रीय पार्षद् तथा केन्द्रीय कार्यसमितिमा दलित र जनजातिको उचित प्रतिनिधित्व (जनसंख्या अनुसारको) गराउने नीति अबलम्बन गरिनुपर्छ। साथै दलित र जनजाति समुदायका महिलाको सहभागितालाई पनि जोड दिनुपर्छ।

(घ) दलित र जनजाति प्रशिक्षार्थीलाई छात्रवृत्तिका लागि दातृसंस्था र प्रशिक्षण संस्थाहरुबीच संयोजन गरिदिनुपर्छ।

(ङ) मूलप्रवाहका पत्रपत्रिका र दलित तथा जनजाति आफैले सञ्चालन गर्ने गरेका बैकल्पिक पत्रिकाका बीचमा संवाद र समन्वयका लागि मध्यस्थको भूमिका निर्वाह गर्नुपर्छ।

(च) दलित र जनजाति पत्रकारहरुमध्येका सफल मानिएकालाई वार्षिक रुपमा प्रोत्साहन स्वरुप प्रंशसा पत्र, पुरस्कार आदिको व्यवस्था गरिनुपर्छ।

५. पत्रकारका अरु संघ-संस्थाहरु

(क) पत्रकारहरुका अरु संघ-संस्थाहरु जस्तै- नेपाल वतावरण पत्रकार समूह, संचारिका समूह आदिले पत्रकारहरुको व्यावसायिक हक-हितको कुरा र अन्य विषयवस्तु जस्तै वातावरणीय न्याय, सामाजिक लिङ्ग भेद र न्याय इत्यादिका बारेमा कुरा उठाउँदा दलित र जनजातिका सवालसँग ती कुराहरुको सम्बन्ध गाँसेर हेर्नुपर्दछ। उदाहरणका लागि संचारिका समूहले महिलाका बारेमा कार्यक्रम ल्याउँदा दलित र जनजाति महिलालाई प्राथमिकता दिनुपर्छ।

(ख) यस्ता संघ-संस्थाहरुको साधारण सदस्य र कार्यकारिणी समितिमा दलित र जनजाति समुदायको उचित प्रतिनिधित्व भएको हुनुपर्छ। नभएमा विशेष व्यवस्था गरेर भए पनि उनीहरुलाई समेट्नुपर्छ। यी समुदायका महिलाको सहभागितालाई महत्त्वको विषयका रुपमा हेरिनुपर्छ।

(ग) दलित र जनजातिका पत्रकारका संगठनहरुले व्यावसायिक नेतृत्व प्रदान गरी पेसागत हक-हितको संरक्षण गर्नेतर्फ क्रियाशील हुनुपर्छ। दलित र जनजातिका विषयमा लेख, रचनाहरु तथा फिचर सेवाको लेखन तथा प्रकाशनमा यी संगठनले सहयोग पुऱ्याउन सक्छन्। दलित र जनजातिका विविध पक्षमा अन्तरक्रिया, छलफल, बहस, कार्यशाला गोष्ठी गरी संवेदनशील विषयलाई विभिन्न पत्रिका तथा रेडियो/टिभी मार्फत सार्वजनिक गराउनु पर्छ।

(घ) जनजातिहरुका मातृभाषामा लेख, रचना प्रकाशन तथा श्रव्य-दृश्य कार्यक्रमहरु निर्माण गरी प्रचारप्रसार गर्ने साथै जनजातिको पक्षमा पत्रकारिता गर्ने गैर जनजाति पत्रकारलाई प्रोत्साहन स्वरुप वार्षिक रुपमा पुरस्कार प्रदान गरिनु पर्छ। त्यस्तै दलितका पक्षमा पत्रकारिता गर्ने गैर दलित पत्रकारलाई पनि वार्षिक रुपमा पुरस्कार प्रदान गर्नुपर्छ।

(ङ) दलित र जनजाति संचारकर्मीहरुले आ-आफ्नो सशक्त संगठन बनाउनुका साथसाथै आपसमा संचार नेटवर्क स्थापना गर्नुपर्छ। जनजाति संचारकर्मीहरुको समूहले नेपाल आदिवासी/जनजाति पत्रकार संघ गठन गरिसकेका छन्। दलित संचारकर्मीहरु पनि संगठित हुनु जरुरी छ। त्यसपछि पिछडिएका समुदाय मध्येका दलित, जनजाति, मधेसी र महिला संचारकर्मीहरुले पनि आपसमा संचार नेटवर्क मार्फत समन्वय राखी आ-आफ्ना कार्यक्रमका बारेमा सूचना आदान-प्रदान गर्नुपर्दछ। यसो गरेमा साझा समस्याका विरुद्ध एक जुट भई समाधान खोज्न बल मिल्नेछ।

६. व्यवस्थापन

(क) पत्रपत्रिका र रेडियोको व्यवस्थापन पक्षले आफ्नो नियुक्ति प्रक्रियामा जातीय सन्तुलन मिलाएको देखिँदैन। त्यसैले व्यवस्थापन पक्षले दलित र जनजातिको उचित प्रतिनिधित्व गराउनेतर्फ सोच्दै नियुक्ति सम्बन्धी त्यसै अनुसारको नीति बनाउनुपर्छ।

(ख) कार्यरत दलित र जानजाति पत्रकारहरुलाई उचित सुविधा र सहुलियत दिएर उनीहरुले विकल्पको खोजी गर्न नपर्ने वातावरण सृजना गर्नुपर्छ।

(ग) दलित र जनजाति पत्रकारलाई दक्ष बनाउन बेलाबेलामा तालिममा सरीक गराउनुपर्छ।

(घ) अहिले धमाधम निजीस्तरमा रेडियो स्टेसनहरु खुल्दै गरेका छन्। निजी स्तरबाट टिभी च्यानलको समेत स्थापना हुने तरखर छ। यी नयाँ खुल्न लागेका रेडियो स्टेसन र टिभी च्यानलले प्रारम्भमा नै यस विषयको गाम्भीर्यलाई मनन गरेर दलित र जनजातिको उचित प्रतिनिधित्व गराउनुका साथसाथै उनीहरुका सवाललाई यथोचित स्थान दिएर कार्यक्रम प्रसारण गर्ने नीति लिनु पर्छ।

(ङ) दलित र जनजातिका सवालमा खोजमूलक लेख, रचना प्रकाशन गर्न र कार्यक्रम निर्माण गर्न आवश्यक स्रोत-साधनहरु उपलब्ध गराउनु पर्छ।

७. सम्पादक र रेडियो/टिभी कार्यक्रम निर्देशक

(क) सम्पादक र रेडियो/टिभी कार्यक्रम निर्देशक दलित र जनजातिका विषयमा संवेदनशील बन्नै पर्छ र सम्पादक र रेडियो/टिभी कार्यक्रम निर्देशकले गैर दलित/जनजाति एवं दलित/जनजाति रिपोर्टर दुवै थरीलाई दलित र जनजातिका बारेमा रिपोर्टिङका लागि उत्प्रेरित गर्नुपर्छ।

(ख) दलित र जनजातिका विषयमा लेखिएका लेख, रचना/कार्यक्रमलाई बढीभन्दा बढी स्थान दिइनु पर्दछ। यसका लागि पत्रिकामा दलितको र जनजातिको नियमित स्तम्भ राखी दलित र जनजातिका सवाललाई समेट्नु पर्छ। देशको जनसङ्ख्याको झन्डै ६० प्रतिशत दलित र जनजाति भएकाले यसो गर्नु आफ्नो मिडियाको विश्वसनीयता र बजारमा सफलताका लागि प्रथमतः आवश्यक छ।

(ग) दलित र जनजातिलाई उपेक्षा गरिएका गीत तथा कार्यक्रमहरु प्रसारण गर्नु हुँदैन।

(घ) सम्पादकले बुद्धिजीवीहरुलाई दलित र जनजातिसम्बन्धी वैचारिक लेखहरु लेख्न आग्रह गरी त्यस्ता लेखहरुलाई उचित स्थान दिएर प्रकाशित गर्नुपर्छ।

(ङ) जातीय उत्थान अभियानमा अग्रणी भूमिका खेल्दै आएका दलित र जनजाति समुदायका व्यक्तिहरुसँग अन्तर्वार्ता लिई प्रसारण/प्रकाशन गर्नुपर्छ। छापाले दलित र जनजाति समुदायसँग सम्बन्धित फोटोहरुलाई प्राथमिकताका साथ छाप्नु पर्दछ। रेडियो तथा टीभीमा यी समुदायका व्यक्तिहरुलाई पनि स्रोत व्यक्तिका रुपमा ल्याइनु पर्छ।

८. रिपोर्टर/कार्यक्रम प्रस्तोता

(क) रिपोर्टरले दलित र जनजातिउपर गरिएको शोषण, दमन एवं अन्यायका बारेमा र यस विरुद्धको उनीहरुको संघर्षलाई गंभीर रुपमा लिएर रिपोर्टिङ गर्नुपर्दछ।

(ख) दलित र जनजातिका ओझेलमा परेका र चर्चामा नआएका पक्षमाथि प्रकाश पार्ने किसिमले रिपोर्टिङ गर्नुपर्दछ।

(ग) रेडियो, टीभी कार्यक्रम प्रस्तोताले दलित र जनजातिका कार्यक्रम, छलफल र कुराकानीलाई समावेश गर्नुपर्छ। कार्यक्रमहरुमा दलित र जनजातिका विशिष्ट व्यक्तिहरुलाई स्रोत व्यक्तिका रुपमा प्रस्तुत गर्नुपर्छ।

(घ) मूलप्रवाहको पत्रकारिताको भाषा नेपाली भएको र तत्काल यसको स्थान अन्य भाषाले लिने सम्भावना नरहेकाले वर्तमान परिस्थितिमा मातृभाषा नेपाली नभएका संचारकर्मीले पनि नेपाली भाषामा दखल बढाउनुपर्छ। साथै अन्तर्राष्ट्रिय गतिविधिको अधिक जानकारी हासिल गर्नका लागि अंग्रेजी भाषामा पनि उत्तिकै पोख्त हुन जरुरी छ।

९. जनजाति र दलितका गैरसरकारी संस्था

(क) जनजाति र दलितका विभिन्न गैरसरकारी संस्थाहरु, *दलित गैर सरकारी संस्था महासंघ* र *राष्ट्रिय जनजाति महासंघ*ले आफ्नो समुदायको सवाललाई उजागर गर्ने किसिमका विचार स्तम्भहरु लेख्न, रेडियो, टीभी कार्यक्रम बनाउन उत्प्रेरणा र सहयोग गर्नु पर्छ।

(ख) जनजाति र दलितका गैर सरकारी संस्थाहरुले अधिराज्यका विभिन्न शहरहरुमा नाम चलेका पत्रकारहरुलाई बोलाई अन्तरक्रियात्मक कार्यक्रम संचालन गर्नु पर्दछ। यसो गर्दा जनजाति र दलितका युवा पिँढीलाई पत्रकारिताका बारेमा बिस्तृत जानकारी हुने र यसतर्फ उनीहरुको रुचि बढ्न सक्छ।

(ग) *राष्ट्रिय जनजाति महासंघ* र *दलित गैर सरकारी संस्था महासंघ*ले छुट्टाछुट्टै 'संचार निगरानी समूह' निर्माण गर्नुपर्छ।

१०. अनुसन्धान संस्था

(क) दलित/जनजाति र मिडियाका सम्बन्धमा अरु विस्तृत अनुसन्धान हुनु जरुरी छ। स्रोत-साधनको सीमितताले *सामाजिक विकास तथा अनुसन्धान केन्द्र*द्वारा गरिएको यस अनुसन्धानले पछि हुने विस्तृत अनुसन्धानका लागि प्रारम्भिक जग बसाल्ने काम मात्र गरेको छ। यस्ता अध्ययनहरु बेलाबेलामा भइ नै रहनुपर्छ र तिनले यस अध्ययनमा समेटिन नसकिएका विषयवस्तुलाई पनि ध्यान दिनुपर्छ।

(ख) अनुसन्धानका आधारमा वैचारिक लेख तथा पुस्तकहरु तयार गरिनु पर्छ।

११. अन्तर्राष्ट्रिय गैर सरकारी संस्था/दातृसंस्था

(क) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था/दातृसंस्थाहरुले नेपाली मिडियामा दलित/जनजाति सहभागिता बढाउनु पर्ने कुरालाई नीतिगत हिसाबले स्वीकार्नु पर्छ। यस अनुसार आ-आफ्ना सहकर्मी नेपाली संस्थाहरुमार्फत मिडियामा दलित/जनजाति सहभागिता बढाउने खालका कार्यक्रमहरुलाई बढावा दिनुपर्छ।

(ख) दलित/जनजाति र मिडियाबारे अनुसन्धान र विकासमूलक कार्यका लागि आर्थिक सहयोग गर्नुपर्छ।

हुन त दलित र जनजातिका कुनै कुनै समस्याहरु बेग्लाबेग्लै छन्। तर पनि मिडियामा यी दुबै समुदायको न्यूनतम सहभागिता रहेको छ। त्यस्तै मिडियामा प्रकाशित र प्रसारित हुने सामग्रीका रुपमा यी दुबै समुदायका सवालहरुले अत्यन्तै कम प्राथमिकता पाउने गरेको हुँदा हामीले नेपाली मिडियामा दलित र जनजातिसम्बन्धी गरेको अनुसन्धानको निष्कर्ष र सुझावलाई संयुक्त रुपमा प्रस्तुत गरेका हौं। हामीले दिएका सुझावहरु विस्तृत सम्भावनाका सूचीका रुपमा आएका छन्। हामीले जानी जानी यसो गरेका हौं। अनुसन्धानकर्ताको हैसियतले सकेसम्मका सम्भावनाहरु देखाइदिनु हाम्रो उद्देश्य र कर्तव्य दुवै हो ( तर गर्न सकिने सबै कार्यहरु हाम्रो सूचीमा नपरेका पनि हुन सक्छन)। हालको अवस्थामा सुधार ल्याउन सक्ने व्यक्ति/निकायहरु थुप्रै भएकाले यहाँ उल्लेख भएका सुझावहरुलाई उहाँहरुले आ-आफ्ना कार्यप्रणालीमा कस्तो प्राथमिकता दिएर समावेश गर्नुहुनेछ त्यो हामीले उहाँहरुलाई नै छोडिदिएका छौं।

आशा गरौं यस क्षेत्रमा केही ठोस कामहरु छिट्टै हुनेछन्। नेपाली सञ्चार जगत्भित्रै प्रजातान्त्रीकरण भई यसको दक्षता बढ्नका लागि दलित र जनजाति सञ्चारकर्मीहरुको संख्यामा वृद्धि हुनुका साथसाथै दलित र जनजाति आन्दोलनले उठाएका सवालहरुबारे विस्तृत छलफल र रिर्पोटिङ हुनु आवश्यक छ। यसो भएमा नेपाली समाजमा प्रजातान्त्रिक संस्कृतिको निर्माणमा हाम्रो मिडिया क्षेत्रले ठोस योगदान पुर्‍याएको ठहरिनेछ।[१]

•

१ 'निष्कर्ष र सुझाव' अध्यायको प्रारुप प्रत्यूष वन्त र शेखर पराजुलीले तयार गर्नु भएको हो। उक्त प्रारुप अध्ययन गरी महेन्द्र लावती, हिरा विश्वकर्मा, सिजु उपाध्याय, डा. विद्यानाथ कोइराला, वसन्त महर्जन, डा. चैतन्य सुब्बा, ताम्ला उक्याव, पद्मलाल विश्वकर्मा, डि.बी. सागर, चन्द्रसिंह राई, अजितमान तामाङ, सुभाषकुमार दर्नाल, दुर्गा सोंव, अम्बिका गजमेर, संगीता लामा, कनकमणि दीक्षित, डा. ओम गुरुङ, मल्ल के. सुन्दर, पूर्ण बस्नेत र शरद पौडेलले हामीलाई थप सुझावहरु दिनु भयो। उहाँहरुले दिनु भएका सुझावहरुमध्ये उपयुक्त लागेका सुझावहरुलाई हामीले यहाँ समावेश गरेका छौं। यहाँ उल्लिखित सबै महानुभावहरुप्रति हामी कृतज्ञ छौं।